# स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

पत्र संख्या :-
च. नं :- ३९

मिति : २०८१।०४।१३

## सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी मनोनयन फाराम भर्नेसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१।०४।१३**

यस प्रतिष्ठानले चालु आ.व. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर छैटौं, सातौं र आठौं त तथा संघमा कार्यरत निजामती सेवाका रा.प.अंन. प्रथम/द्वितीय श्रेणीका कर्मचारी र प्रदेश तथा स्थानीय तहका चौथो/पाँचौं तहका कर्मचारीहरूको क्षमत विकास गर्ने उद्देश्यले "**३० कार्य दिनको सेवाकालीन प्रशिक्षण**" कार्यक्रम सञ्चालन गर्न गइरहेको हुँदा इच्छुक स्थायी कर्मचारीहरूले सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी अनलाइन मनोनयन फाराम भरी हाल बहाल रहेको पदको नियुक्ति/बढुवा भएको पत्र वा स्तर वृद्धि भई समायोजन भएको भए अन्ति समायोजन मिति खुल्ने पत्रको छायाँप्रति र कार्यालय प्रमुखको सिफारिस पत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** को **https://ldta.gov.np/onlineapplication** अनलाइन मनोनयन फाराममा **submit** गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | प्रशिक्षणको नाम | लक्षित समूह | अनलाइन फाराम भर्ने अन्तिम मिति |
|---|---|---|---|
| १ | नेतृत्व विकास तथा सुशासन प्रवर्द्धन | प्रदेश तथा स्थानीय तहमा कार्यरत सातौं र आठौं तहका अधिकृत | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |
| २ | विकास व्यवस्थापन तथा व्यावसायिकता प्रवर्द्धन | प्रदेश तथा स्थानीय तहमा कार्यरत छैटौं तहका अधिकृत | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |
| ३ | कार्यालय सञ्चालन तथा व्यवस्थापन | संघमा कार्यरत रा.प.अनं प्रथम र द्वितीय श्रेणी तथा प्रदेश र स्थानीय तहमा कार्यरत चौथो र पाँचौं तहका कर्मचारीहरू | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |

पुनश्च:

१. मनोनयन फाराम भर्ने अन्तिम दिनसम्म कम्तिमा ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।
२. प्रशिक्षार्थीको विस्तृत विवरण (प्रशिक्षार्थीको नाम, बहाल रहेको पद/श्रेणी/तह, बढुवा/समायोजन/नियुक्ति मिति) खुलेको कार्यालय प्रमुखको सिफारिस पत्र अनिवार्य हुनुपर्नेछ ।
३. छनौटमा परेका कर्मचारीहरूको अन्तिम नामावली र प्रशिक्षण सञ्चालन हुने मिति र समय मनोनयन फाराम भर्ने म्याद समाप्त भएको मितिले ५ दिनभित्र प्रकाशन गरिनेछ ।
४. जेष्ठताको आधारमा सहभागी छनौट गरी प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** मा प्रकाशन गरिनेछ ।
५. मनोनयन फाराम **submit** गरी पठाउँदा प्राप्त हुने **Confirmation Number** सुरक्षित राख्नु पर्नेछ । **Confirmation Number** फर्म भर्दा राख्नु भएको आधिकारिक ईमेलमा प्राप्त हुनेछ ।
६. मनोनयन फाराम स्वीकृत भई छनौट भएका कर्मचारीहरुको लागि सेवाकालीन प्रशिक्षण प्रतिष्ठानको कार्यालय, जावलाखेल, ललितपुरमा सञ्चालन गरिनेछ ।
७. प्रशिक्षण कार्यक्रममा छनौट भएका कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता, यातायात र आवास खर्च आ–आफ्नो कार्यालयबाट व्यवस्था गर्नु पर्नेछ ।

१४५५
२०८१/४/२०

कानुन लाल चौधरी
कार्यकारी निर्देशक

प्राविधिक सहयोगका लागि सम्पर्क: श्री बुद्धि प्रसाद घिमिरे : ९८४१०२९६११, श्री सन्त लाल श्रेष्ठ : ९८५१२५३०२५